नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

प्रस्तुत विषयमा यस विभागमा प्राप्त उजुरी गुनासो व्यवस्थापनको लागि आकस्मिक (-यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा उजुरी गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३।०३।१९ मा अनुगमन निरीक्षण गरी तालिकामा उल्लेख गरे नुसारको कार्य गरेको व्यहोरा अनुरोध छ।

| सि.नं. | अनुगमन मिति | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन/कारवाहि |
|---|---|---|---|---|
| १ | २०८३।०३।१९ | भाटभटेनी त्रिपुरेश्वर, महाराजगन्ज - ०३ काठमाडौं | • उजुरीमा उक्त भाटभटेनीमा "विषादी रहित आँप भनि बिक्रि वितरण गरेकोमा विषादी रहित हो होइन भनि बुझिदिन" उल्लेख गरे बमोजिम प्राप्त उजुरी गुनासो सम्बोधन गर्ने क्रममा भाटभटेनी त्रिपुरेश्वर र महाराजगन्जमा विभिन्न किसिमका तरकारी तथा फलफुल जस्तैः आँप, साग, धनिया, भिंडी, काँक्रो, स्याउ, फुल काउली, पर्बल, केरा ,आलु, घिरौला, मुला लगातय परिक्षण गर्दा धेरै जसो फलफुल तथा तरकारी सप्तरी, बीरगंज, दोलखा र भारतबाट आएको पाइयो। | • थप अनुसन्धान गर्न विवरणमा उल्लेखित फलफूल तथा तरकारीमा जीवनाशक विषादीको परिक्षण गर्दा मापदण्ड अनुसार अनुकुल पाइयो। |
| २ | २०८३।०३।१८ | बिगमार्ट, सतुंगल, काठमाडौं | • उजुरीमा "गुणस्तरहीन वस्तुको विक्रिवितरण गरेको" भनि उल्लेख भए बमोजिम प्राप्त उजुरी गुनासो सम्बोधन गर्ने क्रममा मेगामार्ट प्रा.लि.(बिग मार्ट) सतुंगलको अनुगमन निरीक्षण गर्दा उक्त मार्टबाट उजुरीमा उल्लेख गरेको सुभास ट्रेडर्स प्रा.लि, पेप्सीकोला बाट इम्पोर्ट भएको गुड लक ब्रान्डको चामल पच्चीस (२५) के. जी. को बोरा बिक्रीवितरण गर्ने गरेको पाइयो। मार्टमा भएको एक बोरा चामल खोलेर हेर्दा आखाँले देखिने गरी बाह्य पदार्थ पनि नपाइएको। | • थप अनुसन्धान गर्न सोहि ब्रान्डको चामलको नमुना प्रयोगशाला परिक्षणका लागि संकलन गरीएको। |
| **अनुगमन गरीएको खाद्य व्यवसाय संख्याः दुई (२) वटा** | | | | |

Bharma

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०३/२२

# <u>अनुगमनका केही झलकहरू</u>









